# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 14.11.2024**

- **Children's Day**

देशले आज भारतका पहिलो प्रधानमन्त्री पण्डित ज्वहारलाल नेहरूको एक सय पैंतीसौं जन्म जयन्तिमा उहाँलाई स्मरण गऱ्यो। यता सिक्किम राज्यमा पनि यो दिवस पालन गरियो। यस अवसरमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गान्तोकको जिरो पोइन्टस्थित नेहरूको प्रतिमामा पुष्पाञ्जली अर्पण गरेर उहाँलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। समारोहमा अन्य बाहेक मन्त्रीगण, विधायकगण एवं मुख्य सचिव उपस्थित हुनुहुन्थ्यो। बाल दिवस पनि पालन गर्न शिक्षा विभागद्वारा आयोजित कार्यक्रममा गान्तोक वरपरका विद्यालयहरूबाट ठूलो संख्यामा विद्यार्थीहरूको सहभागिता रहेको थियो।

---------------------------------------X---------------------------------------

- **E-Certificate**

राज्य सरकारको पहलमा थालिएको e-सेवा नामथाङ खण्ड प्रशासनिक केन्द्रमा आजबाट शुरू भयो। यो पहल नाम्ची खण्ड प्रशासनिक केन्द्रमा दुई अक्टोबरका दिन शुरू गरिएको थियो। नामथाङका खण्ड विकास अधिकारी श्री रतन गुरूङको विशेष उपस्थितिमा शुभारम्भ गरिएको पहलको अवसरमा सूचना प्रौद्योगिकीकी सहायक निदेशक सुश्री रञ्जना राई लगायत अन्यको उपस्थिति थियो।
सूचोना प्रौद्योगिकीको टोलीद्वारा Single Sign-On portal-को माध्यमबाट सबै कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरियो। अब उसो नामथाङवासीले आफ्नै घरैबाट अथवा ग्राम पञ्चायत एकाईबाट e-सेवाको उपभोग गर्न सक्नेछन्। मानिसहरूले अब आदिम जनजाति प्रमाणपत्र, अनुसूचित जाति प्रमाणपत्र, अनुसूचित जनजाति प्रमाणपत्र, अन्य पछौटेवर्ग प्रमाणपत्र, Employment Card, आय प्रमाणपत्र अनि फारम दर्ता प्रमाणपत्र प्राप्त गर्नका निम्ति खण्ड प्रशासनिक केन्द्र धाउनु पर्नेछैन। यो सेवा तिमी खण्ड प्रशासनिक केन्द्रमा भोलिबाट शुरू हुनेछ। यता पाकिम खण्ड प्रशासनिक केन्द्रमा यो सेवा हिजोदेखि शुरू भएको हो।

---------------------------------------X---------------------------------------

- **DONER Minister**

केन्द्रिय डोनर मन्त्री श्री ज्योतिरादित्य सिन्धियाले भन्नुभयो, उत्तरपूर्वी क्षेत्रले विगत एक दशकमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा महत्त्वपूर्ण विकास देखेको छ। ऐज्वलमा आज पत्रकारहरूसित कुराकानी गर्दै उहाँले भन्नुभयो, राष्ट्रिय प्रजातान्त्रिक गठबन्धन (NDA) सरकारको ध्यान उत्तरपूर्वी क्षेत्रलाई भारतीय अर्थव्यवस्थाको विकास इन्जिनका रूपमा रूपान्तरण गर्नमा रहेको छ। उहाँले भन्नुभयो, पूर्वोत्तर क्षेत्र भारतीय उपमहाद्वीपमा सबै दक्षिण-पूर्व एशियाई देशहरूका लागि प्रवेश बिन्दु हो। यसकारण पूर्वोत्तर क्षेत्रले भारतको विकासको गतिमा महत्त्वपूर्ण भूमिका निभाउनुपर्छ। श्री सिन्ध्याले भन्नुभयो, आज पूर्वोत्तरमा सत्रवटा विमानास्थल छन् अनि निकट भविष्यमा यस क्षेत्रका सबै राज्यहरू रेलवेसित जोड़िनेछन्।

---------------------------------------X---------------------------------------

- **BRIC-IBSD**

जैवप्रौद्योगिकी अनुसन्धान तथा भारतको जैव संसाधन एवं टिकाउ विकासका लागि नवाचार संस्थान परिषद् अनि Society for Ethnopharmacology-ले संयुक्त रूपमा एघारौं Society for Ethnopharmacology तथा जैव संसाधनबाट जैव अर्थव्यवस्थाः विकसित भारतका लागि उत्तरपूर्वी क्षेत्रमा पारम्परिक संसाधनको प्रवर्द्धनमाथि अन्तरराष्ट्रिय सम्मेलन आयोजन गर्ने भएको छ। आगामी पन्द्र र सोल्ह नोभेम्बरमा राजधानी गान्तोकमा सम्पन्न हुने सम्मेलनमा बाह्रवटा देश, तेहीसवटा उद्योग, बीसजना पारम्परिक चिकित्सक तथा भारतीय अनुसन्धान संस्थानहरूबाट सत्तरीजना विशेषज्ञहरूसहित भारत अनि बाहिरबाट गरी दुई सय साठ्ठीभन्दा अधिक विद्यार्थीहरूले सहभागिता जनाउनेछन्। सम्मेलनको लक्ष्य उत्तरपूर्वी क्षेत्रको प्राकृतिक संसाधनबाट जैव अर्थव्यवस्था विकासका समकालीन पक्षहरूमाथि प्रकाश पार्नका साथै प्रवर्द्धन अर्थव्यवस्थामा जैव संसाधन आधारित पारम्परिक ज्ञानको प्रभावमाथि चर्चा गर्नु रहेको छ।

---------------------------------------X---------------------------------------

- **AICW**

गान्तोकको तादोङस्थित सहकारिता भवनमा आजदेखि विकसित भारत निर्माणमा सहकारिताको भूमिका विषयमा एकहत्तरौं अखिल भारत सहकारिता सप्ताह शुरू भयो। सिक्किम सरकारको सहकारिता विभागले आयोजना गरेको कार्यक्रममा विभागीय सचिव सुश्री ग्लोरिया नामछुले सप्ताहव्यापी कार्यक्रमको उदघाटन गर्दै सहकारिताको ध्वज फहराउनुभयो। यस अवसरमा सचिवले राज्यपाल श्री ओमप्रकाश माथुरको सन्देश पठन गर्नुभयो भने विभागकी प्रधान पञ्जीयकार सुश्री जबी थापाले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको सन्देश पठन गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Two Days Workshop**

पर्यावरण, वन एवं मौसम परिवर्तन मन्त्रालयले सिक्किम सरकारको वन एवं पर्यावरण विभागको सहायता लिएर सिमसारको उपयुक्त प्रयोग अनि संरक्षणमाथि आयोजित दुई दिवसीय कार्यशाला आजदेखि शुरू भयो। Mission सहभागिताको एक भागको रूपमा आयोजित कार्यक्रमको लक्ष्य टिकाउ सिमसारको प्रबन्धनमाथि केन्द्र गर्दै उत्तरपूर्वी राज्यका प्रबन्धक, शोधकर्ता र हितधारकहरूबीचको सहयोगलाई प्रवर्द्धन गर्नु हो। वन विभागका APCCF डाक्टर P सेन्थिल कुमारले स्वागत सम्बोधन राख्नुभएको कार्यक्रममा सचिव डाक्टर प्रदिप कुमारले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको सन्देश उपस्थित मानिसहरूबीच साझा गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Governor's Gold Cup**

North East United Football Club चालीसौं अखिल भारत राज्यपाल स्वर्णकप फुटबल प्रतियोगिता २०२४-को क्वार्टर फाइनलमा प्रवेश गर्न सफल भएको छ। पाल्जोर स्टेडियममा चलिरहेको प्रतियोगिताअन्तर्गत आजको खेलमा विजयी दलको भिड़न्त खजल बेङथार Football Club, मिजोरमसित भएको थियो। अब यसै महिनाको अठार तारिक हुने अघिल्लो खेलमा यो दल Royal Football Club, दुबईसित भिड़िनेछ। निर्धारित समय पूरा हुँदासम्म दुई दल बराबरिमा रहेका थिए। पछि अतिरिक्त समयमा North East United FC-ले सफलता प्राप्त गऱ्यो। भोली हुने pre quarter-final-को अन्तिम खेलमा चेन्नाइयन Football Club र Diamond Harbour Football Club बीच भिड़न्त हुनेछ।

---------------------------------------X---------------------------------------